# गृहिणी महिला सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# गृहिणी महिला सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

**प्रदेश राजपत्रमा प्रकाशित मिति**

२०८०।०८।२८

**प्रस्तावना:** प्रदेश भित्र स्थायी रूपमा बसोबास गर्ने गृहिणी महिलाहरूको सशक्तीकरणका लागि उद्यमशीलता, स्वावलम्बन र सीपमूलक तालिम मार्फत स्वरोजगार एवम् आत्मनिर्भर बनाउन सहयोग गर्ने उद्देश्यले सञ्चालन हुने गृहिणी महिला सशक्तीकरण कार्यक्रमलाई सरल, सहज र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले,

प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "गृहिणी महिला सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "गृहिणी महिला" भन्नाले बागमती प्रदेशभित्र स्थायी बसोबास गर्ने घरायसी कार्यमा संलग्न विवाहित/अविवाहित/एकल महिलालाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) “गृहिणी महिला समूह” भन्नाले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा दर्ता भएको गृहिणीहरूको महिला समूह सम्झनु पर्छ।

(ग) "गृहिणी महिला सशक्तीकरण कार्यक्रम" भन्नाले गृहिणी महिलाहरूको सशक्तीकरणका लागि मन्त्रालयले सञ्चालन गरेको सीपमुलक तालिम, उद्यमशीलता प्रवर्द्धन, आयआर्जन र बजारीकरण लगायतको कार्यक्रमलाई सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले बागमती प्रदेशभित्र रहेका गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्छ।

(छ) "सीपमूलक तालिम" भन्नाले आय आर्जनका लागि कुनै पेसा व्यवसायसँग सम्बन्धित तालिमलाई सम्झनु पर्छ।

(ज) "वडा" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका अन्तर्गतको वडालाई सम्झनु पर्छ।

## परिच्छेद- २

## कार्यक्रमको उद्देश्य, स्वरूप, विषयक्षेत्र र सहभागी छनौटको आधार

३. **उद्देश्यः** (१) कार्यक्रमको प्रमुख उद्देश्य प्रदेशभित्र स्थायी बसोबास गर्ने गृहिणी महिलाहरूको सशक्तीकरण गर्दै जीविकोपार्जन वा आयआर्जन गर्नका लागि आत्मनिर्भर बनाउन सहयोग गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(२) कार्यक्रमका अन्य उद्देश्यहरू देहायबमोजिम रहेका छन्ः-

(क) गरिबीको रेखामुनि रहेका समुदायका गृहिणी महिलाहरूलाई आयमूलक क्रियाकलाप गर्न प्रोत्साहन गर्ने,

(ख) गृहिणी महिलाहरूलाई स्वरोजगार तथा उद्यमशीलता प्रवर्धन मार्फत विकासको मूलधारमा ल्याउन सहयोग गर्ने,

(ग) उद्यमशीलता र सशक्तीकरणको माध्यमबाट महिलाहरूको आर्थिक तथा सामाजिक रूपान्तरण र क्षमता अभिवृद्धि गर्ने,

(घ) गृहिणी महिलाहरूको लागि सचेतना एवम् नेतृत्व विकासको लागि क्षमता अभिवृद्धि गर्ने।

४. **गृहिणी महिला सशक्तीकरण कार्यक्रमः** (१) यो कार्यक्रम चालू आर्थिक वर्ष २०८०।०८१ मा शुरू गरी आगामी आर्थिक वर्षमा समेत निरन्तरता हुने गरी सञ्चालन गरिनेछ।

(२) यस कार्यक्रम अन्तर्गत सचेतना अभिवृद्धि कार्यक्रम, शिक्षा, सीपमूलक तालिम वा उद्यमशीलता, सीप परीक्षण, बिउ पूँजी र एकल वा गृहिणी महिला समूहको गठन गरी व्यवसायबाट उत्पादित सामग्रीहरूको बजारीकरणको व्यवस्था समेत गरिनेछ र यो कार्यक्रमले गृहिणी महिलाहरूको कानूनी, सामाजिक, राजनीतिक र आर्थिक पक्षमा सशक्तीकरणमा जोड दिनेछ।

(३) कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका स्थानीय तहको महिला सम्बन्धी विषय हेर्ने शाखालाई गृहिणी महिला सशक्तिकरण केन्द्रका रूपमा समेत कार्य गर्ने गरी तोकिनेछ। उक्त

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

केन्द्रबाट गृहिणी महिलाहरूको आवश्यकता पहिचान, प्रोफाइल विकास, चेतना जागरण, शिक्षा, सीपमूलक तालिम वा उद्यमशीलतासम्वन्धी तालिम, सीप परिक्षण तथा बिउ पूँजी व्यवस्थापन लगायतका कार्यहरू गर्न स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारीमा सञ्चालन गर्न सहयोग गरिनेछ। उक्त केन्द्रको काममा सहयोग गर्ने गरी एकजना कार्यक्रम संयोजकको व्यवस्था गरिनेछ। यस्तो कार्यक्रम संयोजक सम्बन्धित स्थानीय तहमा उपलब्ध कर्मचारीहरू मध्येबाट तोक्नु पर्नेछ। स्थानीय तहमा कर्मचारी उपलब्ध हुन नसकेको अवस्थामा यस कार्यक्रमबाट प्रचलित कानून तथा स्वीकृत मापदण्डको अधीनमा रही कार्यक्रम संयोजक राख्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम कार्यक्रम संयोजक राख्नु परेमा छनौटका आधार र प्रकिया अनुसूची- १ बमोजिम हुनेछ।

(५) कार्यक्रममा सहभागी गृहिणी महिलाहरूको सामूहिक एवम् एकल व्यवसायबाट उत्पादित सामग्रीहरूको बजारीकरणका लागि समन्वय, सहजीकरण र सञ्चालन गर्ने व्यवस्था समेत यस कार्यक्रम भित्र रहनेछन् र यसका लागि जिल्लास्थित उद्योग वाणिज्य सङ्घ एवं सामग्रीको उत्पादनदेखि सीमापार व्यापारसम्मका विभिन्न मूल्य श्रृङ्खलामा काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरूको समेत सहयोग लिन सकिने छ।

(६) प्राविधिक कार्य तथा सीपमूलक तालिम सञ्चालनको लागि सम्वन्धित विषयक्षेत्रका प्रशिक्षकहरूलाई रोष्टर सूचीमार्फत सहजकर्ताको रूपमा परिचालन गरिनेछ। सीपमुलक तालिम मन्त्रालय अन्तर्गतका व्यवसायिक तथा सीप विकास केन्द्र वा प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम परिषद् मातहतका शिक्षालय वा अन्य निजी तालिम प्रदायक संस्थाहरू मध्येबाट

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सञ्चालन गर्न सकिनेछ र सीपमूलक तालिम लिएका प्रशिक्षार्थीहरूको सीप परिक्षणको व्यवस्थाका लागि आवश्यक समन्वय र व्यवस्थापकीय पक्षमा सहजीकरण गरिनेछ।

(७) कार्यक्रम छनौट भएका स्थानीय तहमा गृहिणी महिलाको आवश्यकताअनुसार सञ्चालन हुने सचेतना, जागरण, शिक्षा, सीपमूलक तालिम वा उद्यमशीलतासम्वन्धी तालिम, सीप परीक्षण, बिउ पूँजी र गृहिणी महिला समूहको गठन र परिचालन लगायतका कार्यहरूमा स्थानीय तहको सहकार्यमा मन्त्रालय मातहतका कार्यालय र गैरसरकारी संस्थाहरूसँगको सहकार्य एवम् समन्वयमा सञ्चालन हुनेछ।

५. **<u>तालिम तथा व्यवसायको विषयक्षेत्रः</u>** (१) कार्यक्रममा सहभागी हुने गृहिणी महिलाले देहायबमोजिम क्षेत्रमा सीपमूलक तालिम लिई व्यवसाय सञ्चालन गर्न सक्नेछन्ः-

(क) लघु उद्यमसँग सम्बन्धित पेसा तथा व्यवसाय,

(ख) व्युटीसियन तालिम,

(ग) अचार र गुन्द्रुक बनाउने,

(घ) मैन बत्ती बनाउने,

(ङ) पराल एवम् बेतबाँसजन्य सामग्री निर्माण,

(च) मौरी पालन,

(छ) घरेलु उद्योगसँग सम्बन्धित व्यवसाय,

(ज) निर्माण, कृषि, सेवा, विद्युतीय वायरिङ, हस्तकला तथा तयारी पोशाक, खाद्य सामग्री प्रशोधन र सूचना तथा प्रविधिका क्षेत्रसँग सम्वन्धित र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(झ) स्थानीय परिवेश अनुसार सान्दर्भिक पेसा र व्यवसाय (स्थानीय तहको सिफारिसको आधारमा)।

६. **तालिमको प्रकार र स्वरूपः** (१) तोकिएको विषयक्षेत्र अन्तर्गतको व्यवसायमूलक तालिम कम्तिमा पन्ध्र दिनदेखि तीन महिनासम्मको हुनेछ।

(२) प्रति समूह बीस देखि तीस जना गृहिणी महिलाहरूको लागि तोकिएको विषय क्षेत्रमा तालिम सञ्चालन गर्नुपर्नेछ।

(३) तीन महिनाको तालिम पूरा गरेका गृहिणी महिलाहरूको लागि सीप परीक्षण गर्नुपर्नेछ।

(४) तालिम पूरा गरी ब्यावसाय गर्न इच्छुक महिलाहरूलाई बैंक खातामा बिउ पूँजीको रूपमा रू. पन्ध्र हजार निकासा गरिनेछ। यसमा पचासी प्रतिशत प्रदेश सरकारबाट र पन्ध्र प्रतिशत सम्बन्धित स्थानीय तहबाट लागत साझेदारी गर्नु पर्नेछ।

(५) बाह्र देखि बीस जना समूह गठन गरी समूहको नाममा खाता खोली सामूहिक उद्यमशीलता गर्न चाहने समूहलाई समूहको बैङ्क खातामा रू. १ लाख निकासा गरिनेछ र रू. १ लाख मध्ये यसको पचासी प्रतिशत प्रदेश सरकारबाट र पन्ध्र प्रतिशत सम्बन्धित स्थानीय तहबाट लागत साझेदारी गर्नु पर्नेछ। बिउ पूँजी प्राप्त गरेको एक वर्ष पश्चात प्रत्येक वर्ष समूहको कोषमा प्रत्येक सदस्यले प्रति महिना एकसय रूपैंया जम्मा गर्नु पर्नेछ र कोषको निरन्तरता हुनुपर्नेछ।

(६) गृहिणी महिलाहरूले उत्पादन गरेका सामग्रीहरूको खरिद गरी ब्रिक्री वितरण गर्नका लागि कार्यक्रम सञ्चालन भएको स्थानीय तहसँगको सहकार्यमा उत्पादन तथा ब्रिक्री तथा वितरण केन्द्रको व्यवस्था गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

७.	**<u>कार्यक्रम सञ्चालन प्रक्रिया:</u>** (१) यस कार्यक्रम अन्तर्गतका कृयाकलापहरू देहाय बमोजिम सञ्चालन गर्न सकिनेछ।

(क) मन्त्रालय वा मातहतको कार्यालयमार्फत,

(ख) स्थानीय तहसँगको सहकार्य र साझेदारीमार्फत,

(ग) गैरसरकारी संस्था एवम स्थानीय संघसंस्था र महिला उद्यमी सम्बद्ध संस्थामार्फत,

(घ) गृहिणी महिला समूह मार्फत।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तह सँग सम्झौता गरी कार्यान्वयन गर्नुपर्नेछ।

८.	**<u>सहभागी छनौटको आधार:</u>** कार्यक्रममा सहभागी हुन आवेदन पेस गर्ने महिलाहरूले देहायबमोजिमको आधारहरू पूरा गरेको हुनुपर्नेछः-

(क) सम्बन्धित स्थानीय तहमा स्थायी बसोबास भएको,

(ख) गृहिणी महिला वा गृहिणी महिलाको समूह गठन गरी स्थानीय तहको वडा कार्यालयमा दर्ता गरेको,

(ग) अन्य कुनै स्थायी वा करार सेवामा कार्यरत नभएको,

(घ) बीस देखि पचपन्न वर्ष उमेर भित्रको,

(ङ) दफा ५ मा उल्लिखित व्यवसायका क्षेत्रहरू मध्ये कुनै एक क्षेत्रको कार्यक्रममा सहभागी हुने गरी आवेदन पेस गरेको,

(च) सहभागी छनौट गर्दा देहायको प्राथमिकताक्रम अनुसार छनौट गर्नुपर्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

- विपन्न दलित, सिमान्तकृत, लोपोन्मुख र अल्पसङ्ख्यक महिला,
- शहिद परिवार, एकल महिला, द्वन्द्वपीडित र अपाङ्गता भएका महिला,
- इच्छुक बेरोजगार र आर्थिक रूपले विपन्न महिला।

## परिच्छेद- ३

## कार्यक्रम सञ्चालन प्रक्रिया

९. **कार्यक्रम सञ्चालनका लागि स्थानीय तह र वडा छनौट प्रकिया:** (१) कार्यक्रम सञ्चालनका लागि स्थानीय तह छनौट निर्देशक समितिले गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तह छनौटका आधार अनुसूची- २ बमोजिम हुनेछ।

(३) छनौट भएको स्थानीय तहमा कार्यक्रम कार्यान्वयन गर्ने वडाको छनौट सम्बन्धित स्थानीय तहले गर्नेछ।

१०. **सूचना प्रकाशन तथा प्रस्ताव पेस गर्ने:** (१) राष्ट्रिय पत्रिकामा सूचना प्रकाशन गरी सहकार्य गर्न इच्छुक स्थानीय तहसँग प्रस्ताव माग गर्ने र उक्त प्रस्ताव समेतका आधारमा स्थानीय तह छनौट गर्ने।

(२) कार्यक्रममा सहभागी हुने महिलाको छनौटका लागि मन्त्रालयले राष्ट्रिय दैनिक पत्रिकामा कम्तिमा पन्ध्र दिनको म्याद दिई आफूले तालिम चाहेको विषयक्षेत्र छनौट गरी सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा निवेदन पेस गर्न सूचना प्रकाशन गर्ने र उक्त सूचना मन्त्रालयको वेभसाइटमा राख्ने व्यवस्था गर्नुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) उपदफा (२) बमोजिम सूचना प्रकाशित भएपछि इच्छुक गृहिणी महिलाले आफूले लिन चाहेको तालिमको माग गरी आफू बसेको वडा कार्यालयमा सूचनाको उल्लिखित म्यादभित्र निवेदन पेस गर्नु पर्नेछ।

(४) प्राप्त निवेदन मध्येबाट तालिमको क्षेत्रमा माग भएको सीपमुलक एवम् स्वरोजगारमूलक तालिमको लागि वडाले दफा ५ को आधारमा बढीमा पच्चीस जना सहभागीहरू छनौट गरी तालिमको लागि सिफारिस गर्नु पर्नेछ।

(५) छनौट भएका गृहिणी महिलाहरूको प्रोफाइल तयार गरी उक्त प्रोफाइलका आधारमा महिलाको लागि तालिम लगायतका कानूनी, आर्थिक र सामाजिक सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ। स्थानीय तहबाट छनौट भएका गृहिणी महिलाहरूको सशक्तीकरणका लागि अलग अलग रूपमा मन्त्रालय वा मातहतका कार्यालय, स्थानीय तह, संघसंस्था र महिला उद्यमी संस्थाहरूमार्फत कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(६) गृहिणी महिलाहरूको सशक्तीकरण कार्यक्रम सञ्चालनका लागि विभिन्न संस्थाहरूमार्फत विस्तृत प्रस्ताव माग गरी कार्यक्रम सञ्चालन गरेमा सेवा खरिद सम्बन्धमा प्रचलित खरिद कानूनबमोजिम गर्नुपर्नेछ।

११. **<u>प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरू:</u>** (१) संघसंस्था, महिला उद्यमी, निजी तालिम प्रदायक संस्थाहरूबाट कार्यक्रम सञ्चालन गर्दा देहायका कागजातहरू संलग्न गरी आवेदन दिनु पर्नेछः-

(क) प्रचलित कानूनबमोजिम संस्थाको दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाका सञ्चालकहरूको विवरण/तस्विरहरू,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) संस्थाको अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(घ) संस्थाको जनशक्तिको अवस्था र भौतिक पक्षको विवरण,

(ङ) संस्थाको विधान र संस्थाको संक्षिप्त प्रोफाइल,

(च) अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र,

(छ) समाज कल्याण परिषद्मा आवद्धताको प्रमाणपत्र वा स्थानीय तहमा दर्ता भएको प्रमाणपत्र,

(ज) कार्यक्रमको प्रस्तावपत्र,

(झ) संस्थाको अनुभव र गरेका प्रमुख कार्यहरू र

(ञ) स्थायी लेखा नम्वर र अन्य आवश्यक कागजातहरू।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गृहिणी महिला समूहमार्फत कार्यक्रम सञ्चालन गर्दा वडा कार्यालयमा समूह दर्ता भएको प्रमाण र कार्यक्रमको प्रस्ताव संलग्न गरी आवेदन दिन सक्ने छन्।

१२. **वडास्तरीय सहभागी छनौट समितिः** कार्यक्रम सञ्चालनका लागि वडा कार्यालयमा प्राप्त भएका निवेदनहरूको मूल्याङ्कन र सिफारिस गर्न देहायबमोजिमको छनौट तथा सिफारिस समिति रहनेछः-

(क) वडाध्यक्ष, सम्बन्धित स्थानीय तह -संयोजक

(ख) वडासदस्य (महिला र दलित गरी दुई जना), सम्बन्धित वडा -सदस्य

(ग) महिलाको क्षेत्रमा क्रियाशील स्थानीय तहले मनोनयन गरेको विज्ञ -सदस्य

(घ) वडा सचिव -सदस्य-सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) छनौट समितिले आवश्यकताअनुसार सम्बन्धित विषयको अनुभवी व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठकभत्तासम्बन्धी व्यवस्था प्रदेश सरकारद्वारा स्वीकृत कार्यसञ्चालन निर्देशिका अनुसार हुनेछ।

(४) बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

१३. <u>**निर्देशक समितिः**</u> गृहिणी महिला सशक्तीकरण कार्यक्रमका लागि आवश्यक नीति, योजना निर्माण एवम् मार्गदर्शन गर्न देहायबमोजिमको निर्देशक समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय - अध्यक्ष

(ख) सदस्य, (सामाजिक क्षेत्र हेर्ने) प्रदेश नीति तथा योजना आयोग - सदस्य

(ग) सचिव, मन्त्रालय - सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) महाशाखा प्रमुख, योजना हेर्ने मन्त्रालय -सदस्य

(च) निर्देशक, सिटीइभिटी बामगती प्रदेश कार्यालय-सदस्य

(छ) गाँउपालिकाका, महिला उपाध्यक्षहरू मध्येबाट समितिले मनोनयन गरेको एकजना -सदस्य

(ज) बागमती प्रदेशस्तरीय उद्योग बाणिज्य सङ्घले तोकेको एकजना महिला उद्यमी -सदस्य

(झ) महाशाखा प्रमुख सामाजिक विकास महाशाखा -सदस्य-सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१४. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) नीति तथा योजना तर्जुमा गर्ने,

(ख) कार्यक्रम सञ्चालन गर्नका लागी सिफारिस भएका स्थानीय तहको छनौट गरी स्वीकृत गर्ने,

(ग) स्थानीय तहसँग समन्वय र कोटा निर्धारण गर्ने,

(घ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रमको मोडालिटी स्वीकृत गर्ने,

(ङ) सीपमूलक तालिम सञ्चालनका लागि व्यावसायिक तथा सीप विकास केन्द्र र प्राविधिक तथा व्यवासायिक शिक्षा परिषद् मातहतका शिक्षालयहरू वा तालिम प्रदायक संस्था र अन्य कार्यक्रम कार्यान्वयनमा संलग्न संस्थाहरूलाई निर्देशन गर्ने,

(च) कार्यक्रम सञ्चालन हुने वडा वा सुमदायमा सहजीकरण गर्ने र

(छ) अनुगमन तथा मूल्याङ्कन गराउने।

(२) बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

१५. **सीपमूलक तालिमको पाठ्यक्रमः** (१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् तथा अन्य निकायबाट स्वीकृत पाठ्यक्रम लागु गरिएको साथै बजारको माग अनुसार पाठ्यक्रम तर्जुमा गरी सञ्चालन गर्न सकिनेछ। सीप परीक्षणका लागि सम्बन्धित विषय क्षेत्र (कार्यमा ३९० घण्टा) को तालिम सञ्चालन गर्नुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) निजी तालिम प्रदायक संस्थाहरूबाट तालिम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०८० बमोजिम हुनेछ।

१६. **<u>कार्यक्रम कार्यान्वयन समितिः</u>** गृहिणी महिला सशक्तीकरण कार्यक्रम अन्तर्गत सञ्चालन हुने सीपमूलक तालिमको कार्यक्रम कार्यान्वयन गर्न देहायबमोजिमको समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) महाशाखा प्रमुख, योजना हेर्ने मन्त्रालय -सदस्य

(घ) लेखा अधिकृत, मन्त्रालय -सदस्य

(ङ) महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा -सदस्य सचिव

१७. **<u>कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) समितिको काम, कर्तव्य र अधिकार देहायवमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालनका लागि स्थानीय तह छनौट गरी निर्देशक समिति समक्ष सिफारिस गर्ने,

(ख सशक्तिकरण कार्यक्रम सञ्चालन हुने वडा वा समुदायमा सहजीकरण गर्ने,

(ग) कार्यक्रम कार्यान्वयन हुने स्थानीय तहमा जनशक्ति उपलब्ध हुन नसकी संयोजक नियुक्ति गर्नु पर्ने भएमा संयोजक नियुक्तिका छनौट गरी मन्त्रालयमा सिफारिस गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) उत्पादित सामग्रीको गुणस्तर निर्धारण, लेबलिङ्ग, ब्रान्डिङ्ग गर्दै स्थानीय तहले खरिद गर्ने वा फेयर ट्रेडसँग सम्बद्ध संस्थाहरूसँग समन्वय गरी विक्री एवम् उत्पादनको मूल्य प्राप्तिमा आवश्यक सहजीकरण गर्ने।

(२) बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

**१८. <u>उत्पादनको बजारीकरणः</u>** (१) गृहिणी महिलाबाट उत्पादित सामग्रीहरूको खरिद तथा विक्रिका लागि कार्यक्रम सञ्चालन भएको स्थानीय तहमा स्थानीय तहसँगको सहकार्यमा खरिद तथा बिक्रि स्टलहरूको व्यवस्था गरिनेछ।

(२) उत्पादित सामग्रीहरूको प्रचार प्रसार गर्ने व्यवस्था गरिनेछ।

(३) कालिमाटी फलफूल तथा तरकारी बजार काठमाडौंलगायतका प्रदेशभित्रका प्रमुख बजार र महिला उद्यमी मार्फत सञ्चालित व्यापार प्रवर्द्धन केन्द्रसँग समन्वय गरी उत्पादित सामग्रीको बजारीकरण गर्न सहजीकरण गरिनेछ।

(४) उत्पादनको ब्रान्डिङ, लेवलिङ्ग (branding/labeling) र यसलाई बजारसम्म सोझै जोड्ने alternative trade/Fair trade linkage स्थापना गर्ने कार्य स्थानीय तहले गर्नेछ।

(५) व्यवासायिक उत्पादनका लागि बिउ पूँजी उपलब्ध गराउदा वा प्राविधिक सहयोगको क्रममा गृहिणी महिलाहरूलाई सम्भव भएसम्म प्रत्येक वडामा अलगअलग उत्पादनमा जोड दिने व्यवस्था गरिनेछ र मूल्य श्रृखंला (Value chain) मा आधारित उत्पादन तथा बजारीकरणलाई प्रोत्साहन गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद- ४

## सम्बद्ध निकायहरूको भूमिका

१९. **मन्त्रालयको भूमिका:** कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयको भूमिका देहायबमोजिम हुनेछः-

(क) आवश्यक नीति, कार्यविधि र मापदण्ड तर्जुमा गर्ने,

(ख) स्थानीय तहमा कार्यक्रम सञ्चालनको क्रममा महिला सशक्तीकरण कार्यक्रम, उद्योग बाणिज्य संघ र राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोगमा सञ्चालन हुने कार्यक्रमको स्रोतमा दोहोरोपना हुन नदिई एकीकृत रूपमा सञ्चालन गर्ने आवश्यक व्यवस्था मिलाउने,

(ग) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने,

(घ) कार्यक्रमको प्रभावकारिताका लागि नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ङ) गैर सरकारी संस्थाहरूसँग सहकार्य र समन्वय गर्ने,

(च) कार्यक्रमको नतिजामुखी अनुगमन, मूल्याङ्कन र प्रभावकारिता अध्ययनसम्बन्धी कार्य गर्ने गराउने,

(छ) कार्यक्रमको प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक कार्य गर्ने,

(ज) दफा १७ को, उपदफा (१) को खण्ड (ग) बमोजिम सिफारिस भएका व्यक्तिलाई नियुक्त गरी सम्बन्धित स्थानीय तहमा खटाउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(झ) प्रदेश सरकारबाट सञ्चालन हुने एकीकृत सामुदायिक विकास कार्यक्रमको अभिन्न अङ्गको रूपमा कार्यक्रम सञ्चालन गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ञ) कार्यक्रमको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने, सम्बन्धित सरोकारवालाले उत्तरदायित्व वहन गर्ने र कार्यक्रमका सिकाई एवम् असल अभ्यासहरू अन्य स्थानीय तहमा आदान प्रदान गर्ने,

(ट) सीप परीक्षणको व्यवस्थाका लागि आवश्यक सहजीकरण गर्ने,

(ठ) कार्यक्रमको एकीकृत प्रतिवेदन तयार गर्ने।

२०. **<u>स्थानीय तहको भूमिकाः</u>** कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहको भूमिका देहायबमोजिम हुनेछः-

(क) गृहिणी महिलाको आवश्यकता पहिचान गर्ने,

(ख) मापदण्ड बमोजिम कार्यक्रम कार्यान्वयनका लागी वडा छनौट गर्ने,

(ग) सम्बन्धित स्थानीय तहमा उपयुक्त र सान्दर्भिक व्यवासाय र पेसाहरूको पहिचान गरी सिफारिस गर्ने,

(घ) स्थानीय उद्योग वाणिज्य महासंघ लगायत व्यवसायिक संघ संस्थाहरूसँग बजार व्यवस्थापनका विषयमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ङ) स्थानीय तहमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरूसँग समन्वय गरी थप कार्यक्रम विस्तार गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(च) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोतको लागत साझेदारीको व्यवस्था गर्ने,

(छ) स्थानीय तहमा सञ्चालन हुने महिला सशक्तीकरण कार्यक्रम, उद्योग बाणिज्य सङ्घ र राष्ट्रिय/अन्र्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोगमा सञ्चालन हुने कार्यक्रमहरूसँग एकीकृत रूपमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने,

(ज) कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकारबाट प्राप्त बजेट सम्बन्धित संस्था तथा कार्यक्रम सञ्चालन निकायमा निकासा गर्ने,

(झ) तालिम सम्पन्न गरेका सहभागीहरूको लागि जोडकोष स्थापना गर्न सहयोग र सहजीकरण गर्ने तथा आवश्यकता अनुसार थप बजेट उपलब्ध गर्ने गराउने,

(ञ) कार्यक्रमका सिकाइ एवम् असल अभ्यासहरू आदान प्रदान गर्ने,

(ट) कार्यक्रम कार्यान्वयनको अनुगमन गरी मूल्याङ्कन गर्ने र सोको प्रतिवेदन गर्ने।

## परिच्छेद- ५

## कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन र प्रतिवेदन

२१. **अनुगमन तथा मूल्याङ्कनः** (१) गृहिणी महिला सशक्तीकरण कार्यक्रमको सम्बन्धमा समन्वय, नियमित अनुगमन, सुपरीवेक्षण तथा पृष्ठपोषणको लागि स्थानीय तहमा तपसिलबमोजिमको एक अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्नु पर्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) सम्बन्धित स्थानीय तहको उपाध्यक्ष/उप प्रमुख -संयोजक

(ख) सम्बन्धित वडाको वडाध्यक्ष -सदस्य

(ग) सम्बन्धित स्थानीय तहको महिला विषय हेर्ने शाखा प्रमुख -सदस्य सचिव

(२) अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन गरी प्रतिवेदन मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ।

२२. **<u>प्रभाव मूल्याङ्कन र परिमार्जनः</u>** कार्यक्रम सञ्चालनबाट गृहिणी महिलामा परेको प्रभाव मूल्याङ्कन गरिनेछ। गृहिणी महिलामा भएका सकारात्मक र प्रमुख परिवर्तन (Most significant change) हरूको पहिचान गरी थप प्रभावकारी बनाउन आवश्यक साधनहरूको विकास र प्रयोग गरिनेछ।

## परिच्छेद- ६

## विविध

२३. **<u>तथ्याङ्क अध्यावधिक गर्नेः</u>** मन्त्रालयले गृहिणी महिला सशक्तिकरण कार्यक्रममा सहभागी भइ तालिम पूरा गरेका सम्पूर्ण सहभागीको तथ्याङ्कको अभिलेखीकरण गरी अध्यावधिक गर्नेछ।

२४. **<u>कार्यक्रमबाट खर्च हुनेः</u>** गृहिणी महिला सशक्तिकरण कार्यक्रम सञ्चालनका लागि खर्चका शिर्षक अनुसूची- ३ बमोजिम हुनेछ।

२५. **<u>प्रचलित कानुनबमोजिम हुनेः</u>** यस कार्यविधिमा लेखिएका कुराहरू प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम हुनेछ।

२६. **<u>आवश्यक व्यवस्था मिलाउनेः</u>** यो कार्यविधिको कार्यान्वयनमा बाधा अकडाउ परेमा कार्यक्रमको उद्देश्य विपरीत नहुने गरी मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- १

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

**<u>गृहिणी महिला सशक्तीकरण संयोजकको योग्यता र छनौटको आधार</u>**

१· संयोजकको योग्यताः कक्षा १२ वा सो सरह उत्तिर्ण गरी महिला सशक्तीकरणको क्षेत्रमा कम्तिमा २ वर्षको कार्य अनुभव भएको।

२· संयोजकको छनौटको आधारः

| क्र. सं. | आधार | भार | कैफियत |
|---|---|---|---|
| १ | शैक्षिक योग्यताको श्रेणी वा जिपिए<br>प्रथम श्रेणी १५<br>द्वितीय श्रेणी १३<br>तृतीय श्रेणी १२<br>जिपिएको हकमा आधिकारिक निकायबाट भएको निर्णयलाई आधार मानिनेछ। | १५ | |
| २ | महिलाको क्षेत्रमा कार्य गरेको अनुभव<br>२ वर्ष भन्दा बढीको प्रतिवर्ष ५ अंक १० | १० | |
| ३ | भौगोलिकता<br>सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा ५<br>सम्बन्धित जिल्लाको स्थायी बासिन्दा ४<br>बागमती प्रदेशभित्रको स्थायी बासिन्दा ३ | ५ | |
| ४ | अन्तर्वाता | २० | |
| | जम्मा | ५० | |

पुनश्चः अन्तवार्तामा न्यूनतम ४० प्रतिशत र उच्चतम ७० प्रतिशत भन्दा बढी अङ्क दिँदा कारण जनाउनु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- २

(दफा ९ सँग सम्बन्धित)

**गृहिणी महिला सशक्तीकरण कार्यक्रम सञ्चालन गर्ने स्थानीय तह छनौटको आधार**

| क्र. सं. | आधार | अंक | कैफियत |
|---|---|---|---|
| १ | दलित, लोपोन्मुख, अति सिमान्तकृत र सिमान्तकृत समुदायको जनसङ्ख्या<br>६००० भन्दा बढी भएमा -१० अंक<br>५००० भन्दा बढी ६००० सम्म भएमा -८ अंक<br>५००० सम्म भएमा -६ अंक | १० | |
| २ | कार्यक्रमका लागि स्थानीय तहको लागत साझेदारी सुनिश्चितता<br>५० प्रतिशतभन्दा बढी भएमा -२० अंक<br>३० प्रतिशत भन्दा बढि र ५० प्रतिशत भन्दा कम भएमा -१५ अंक<br>१५ प्रतिशत देखि ३० प्रतिशत भन्दा कम भएमा -१० अंक | २० | |
| ३ | मानव विकास सूचाङ्क(पछिल्लो आधिकारिक तथ्याङ्कको आधारमा)<br>०.४५० भन्दा कम भएका -१५ अंक<br>०.४५० देखि ०.५०० सम्म भएमा -१२ अंक<br>०. ५०० भन्दा बढी भएमा -१० अंक | १५ | |
| ५ | सम्वन्धित स्थानीय तह<br>हिमाली क्षेत्र -५ अंक<br>पहाडी क्षेत्र -४ अंक<br>भित्री मधेस क्षेत्र -३ अंक | ५ | |
| | जम्मा | ५० | |

पुनश्चः स्थानीय तह छनौट गर्दा स्वीकृत बजेटको अधीनमा रही उपयुक्त संख्यामा छनौट गर्नुपर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- ३

(दफा २४ सँग सम्बन्धित)

**कार्यक्रम सञ्चालनका लागि खर्च गर्ने शिर्षकहरू**

- गृहिणी महिलाहरूको प्रोफाइल विकास र कार्यक्रम सञ्चालन।
- तालिम सञ्चालन (सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम)।
- बिंउ पूँजी।
- गृहिणी महिलाहरूको सशक्तीकरणका लागि चेतनामूलक, कानूनी, शैक्षिक, सामाजिक र आर्थिक सशक्तीकरण कार्यक्रम सञ्चालन।
- व्यवसायबाट उत्पादन तथा बिक्रीको व्यवस्थापन।
- निर्देशक, कार्यक्रम कार्यान्वयन र अनुगमन समितिको बैठक भत्ता (प्रदेश सरकारको स्वीकृत मापदण्ड अनुसार)।
- कार्यशाला गोष्ठी र अभिमुखीकरणको लागि  स्टेशनरी ,खाजा खर्च र प्रशिक्षण लगायतको खर्च (प्रदेश सरकारको स्वीकृत मापदण्ड अनुसार)।
- सिप परिक्षणको लागत (राष्ट्रिय सिप परीक्षण समितिको स्वीकृत मापदण्ड अनुसार)।
- रोजगार संयोजकको सहायक पाचौं तहको सुरू तलब स्केल बराबरको पारिश्रमिक।
- अनुगमन तथा मूल्याङ्कन खर्च।

नोटः यस अनुसूचीका शिर्षक बमोजिम कार्यक्रम सञ्चालन गर्दा बस्तु, परामर्श सेवा र अन्य सेवा खरिद गर्नु परेमा खरिद सम्बन्धी प्रचलित कानूनको रीत पुऱ्याई गर्नुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश